# ९. सार्वजनिक संस्थान

## समग्र समीक्षा

९.१ आधारभूत पूर्वाधार निर्माण, वस्तु र सेवाको उत्पादन तथा वितरण र समग्रमा देशको आर्थिक विकासमा सहयोग पुऱ्याउने उद्देश्यले नेपालमा सरकारी स्वामित्वमा संस्थानहरुको स्थापनाको क्रम सन् १९६० को दशकदेखि तीव्र हुन थालेको हो। स्थापना भएका मध्ये नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्वमा हाल ३६ वटा संस्थानहरु सञ्चालन हुँदै आएका छन्। ३६ वटा संस्थानहरुमध्ये औद्योगिक क्षेत्रमा ७ वटा, व्यापारिक क्षेत्रमा ६ वटा, सेवा क्षेत्रमा ७ वटा, सामाजिक क्षेत्रमा ५ वटा, जनोपयोगी क्षेत्रमा ३ वटा र वित्तीय क्षेत्रमा ८ वटा रहेका छन्। नेपाल सरकारको ठूलो लगानी भएका यी संस्थानहरुबाट गरिने उत्पादन तथा सेवा प्रवाह प्रत्यक्ष तथा परोक्ष रुपमा सर्वसाधारणसँग सरोकार रहने हुनाले यी संस्थानहरुको कार्यकुशलता अभिवृद्धि गर्ने क्रममा संस्थानहरुको नियमित रुपमा अनुगमन तथा मूल्यांकन गर्न आवश्यक भएकोले हरेक आर्थिक बर्षको प्रगति समीक्षाको रुपमा प्रस्तुत विश्लेषण आर्थिक सर्वेक्षणमा पनि समावेश गर्ने गरिएको छ। यस विश्लेषणमा आर्थिक बर्ष २०६४/६५ मा संस्थानहरुले सञ्चालन गरेका कार्यक्रमहरुको लक्ष्य तथा प्रगति, संक्षिप्त वित्तीय विवरण, आर्थिक बर्ष २०६५/६६ को लक्ष्य तथा संशोधित अनुमान र आगामी आर्थिक बर्षको प्रस्तावित लक्ष्यको बारेमा जानकारी उपलब्ध गराउने प्रयास गरिएको छ। साथै, प्रत्येक संस्थानको पुँजी संरचना, नाफा नोक्सान तथा सेयरधनी कोषको अवस्था, भुक्तानी गर्नु पर्ने दायित्व, लगानी तथा सम्पत्तिको विवरण, लेखापरीक्षणको स्थिति, जनशक्तिको अवस्था, चालू कार्यक्रम र भावी योजना लगायत विनिवेश सम्वन्धी संक्षिप्त जानकारी सम्वन्धित संस्थान तथा महालेखा नियन्त्रक कार्यालय र अर्थ मन्त्रालयमा उपलव्ध भएसम्मको तथ्याङ्कका आधारमा समावेश गरिएको छ।

९.२ उपरोक्त ३६ वटा सार्वजनिक संस्थानहरुको खुद स्थिर सम्पत्ति (निर्माणधीन समेत) आर्थिक वर्ष २०६३/६४ को रू. ११० अर्व ६१ करोडबाट बृद्धि भएर आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा रू. १२३ अर्व ८५ करोड पुगेको छ। आर्थिक वर्ष २०६४/६५ मा नेपाल विद्युत प्राधिकरण, उदयपुर सिमेन्ट उद्योग लि र नेपाल दूरसंचार कम्पनी लि. ले क्रमशः रू. ८ अर्व ४१ करोड, रू. २ अर्व ८६ करोड र रू. १ अर्व ३७ करोड स्थिर सम्पत्ति बढाएको कारणले सार्वजनिक संस्थानहरुको समग्र स्थिर सम्पत्ति बढेको छ। सो अवधिमा मिति २०६४/६/१३ को निर्णय अनुसार काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्डको गठन भई नेपाल खानेपानी संस्थानलाई दुई भागमा विभाजन गरी स्थिर सम्पत्ति समेत हस्तान्तरण गरेकोले नेपाल खानेपानी संस्थानको खुद स्थिर सम्पत्ति रू. २ अर्व ४८ करोडले घटेको छ। सरकारको पूर्ण तथा अधिकांश स्वामित्व रहेका सवै सार्वजनिक संस्थानहरुको कुल सेयरधनी कोष आर्थिक वर्ष २०६४/६५ मा रू. ४६.६२ अर्व रहेको छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यी ३६ वटा सार्वजनिक संस्थानहरुमा आर्थिक वर्ष २०६४/६५ को

अन्त्यसम्ममा सरकारको सेयर लगानी रू. ८१ अर्व ९२ करोड रही ४३.० प्रतिशत पुँजी क्षय भइसकेको देखिन्छ। आर्थिक वर्ष २०६३/६४ मा रू. ७१ अर्ब ७४ करोड रहेको ऋण लगानी बढेर आर्थिक वर्ष २०६४/६५ मा रू. ८३ अर्ब ३१ करोड पुगेको देखिन्छ। यस ऋण रकममा नेपाल सरकारको ऋण, अन्तर्राष्ट्रिय संघ संस्थाबाट लिएर नेपाल सरकारले प्रवाह गरेको ऋण र बैंक तथा वित्तीय संस्थाको अल्पकालीन तथा दीर्घकालीन ऋण समेत समावेश गरिएको छ।

९.३ यी ३६ वटा सार्वजनिक संस्थानहरुको समष्टिगत वित्तीय अवस्था हेर्दा आर्थिक वर्ष २०६४/६५ मा १७ वटा संस्थानहरुले खुद मुनाफा आर्जन गरेका छन् भने १९ वटा संस्थानहरु घाटामा रहेका देखिन्छन्। आर्थिक वर्ष २०६३/६४ मा जम्मा १४ वटा संस्थानहरु नोक्सानमा रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा सो संख्या वढेर १९ पुगेकोले संस्थानहरुको वित्तीय अवस्था खस्कंदो देखिन्छ। त्यस्तै, सम्पूर्ण संस्थानहरुको आर्थिक वर्ष २०६३/६४ को खुद मुनाफा रू. ७.७४ अर्व रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा घटेर रू. ४ अर्ब ९४ करोड रहेको छ। नाफा आर्जन गर्ने संस्थानहरुमा नेपाल दूर सञ्चार कम्पनी लि. ले रू. ७ अर्ब ९४ करोड र राष्ट्रिय बाणिज्य बैंक लि. ले रू. १ अर्ब ७७ करोड खुद मुनाफा गरी समग्र खुद मुनाफामा मुख्यरुपमा योगदान गरेकाछन्। त्यस्तै, नेपाल आयल निगमको नोक्सान गत आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६४/६५ मा रू. १ अर्ब ९२ करोडबाट बढेर रू. ५ अर्ब ५७ करोड पुगेकोले समग्र खुद मुनाफा घटेको देखिएको छ। आर्थिक वर्ष २०६५/६६ मा पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय मूल्यमा भएको कमी र सो अनुसार स्थानीय मूल्यमा समायोजन नभएकोले नेपाल आयल निगम लि. को नाफा रु ५ अर्ब ३ करोड पुग्ने अनुमान भएबाट समग्र संस्थानहरुको नाफा रू. १८ अर्ब ४२ करोड पुग्न सक्ने स्थिति रहेकोछ। आर्थिक वर्ष २०६४/६५ मा ४ वटा सार्वजनिक संस्थानहरुबाट सरकारलाई जम्मा रू. १ अर्व ५१ करोड ३८ लाख लाभांशको रुपमा प्राप्त भएको छ जुन कुल सेयर लगानीको १.८ प्रतिशत हुन आउँछ।

## क्षेत्रगत विश्लेषण

### औद्योगिक क्षेत्र

९.४ औद्योगिक क्षेत्रका ७ वटा संस्थानहरुले आर्थिक वर्ष २०६४/६५ मा कुल रू.४ अर्ब ३५ करोडको उत्पादन एवं विक्री कारोवार गरेका छन् जुन गत वर्षको भन्दा ४.२ प्रतिशतले बढी छ। मुख्यरुपमा दुग्ध विकास संस्थान, हेटौडा सिमेण्ट उद्योग लि., जनकपुर चुरोट कारखाना लि.र उदयुपर सिमेण्ट उद्योग लि. ले क्रमश: रू. १ अर्ब ८० करोड, रू. ९९ करोड, रू. ९६ करोड तथा रू. ५१ करोड विक्री कारोवार गरी यस क्षेत्रको विक्रीमा प्रमुख योगदान पुऱ्याएकाछन्। गत वर्षको तुलनामा हेटौंडा सिमेण्ट उद्योग लि. ले कुल विक्रीमा ४१.४ प्रतिशतको उत्साहजनक बृद्धि हासिल गरेको छ भने उदयपुर सिमेण्ट उद्योग लि. को कुल विक्री ३९.१ प्रतिशतले घटेको छ। दुग्ध विकास संस्थानको विक्रीमा सामान्य वृद्धि भएको छ। यस अवधिमा नेपाल ओरिण्ड

म्याग्नेसाइट (प्रा.) लि. ले रू. २ करोडको विक्रीलाई अपलेखन गरी पुँजीगतखर्चवाट घटाई वित्तीय विवरण तयार गरेकोले विक्रीमा रकम देखाएको छैन ।

## नाफा नोक्सानको स्थिति

९.५ आर्थिक वर्ष २०६३/६४ मा औद्योगिक क्षेत्रका ७ वटा संस्थानहरुको खुद नोक्सान रू. २७.२७ करोड रहेकोमा आर्थिक वर्ष २०६४।६५ मा नोक्सान रू. ४३ करोड ५९ लाख पुगेको छ जसमा उदयपुर सिमेण्ट उद्योग लि. को नोक्सान रू. २६ करोड ६० लाख र जनकपुर चुरोट कारखानाको नोक्सान रू. १५ करोड ४५ लाख प्रमुख छन्। नेपाल औषधि लिमिटेडले रू. ११ करोड ६२ लाखको स्थिर सम्पत्ति विक्री गरी आम्दानी जनाएकोले रू. ६ करोड ६१ लाख नाफामा देखिएकोछ। उदयपुर सिमेण्ट उद्योग लि.को उत्पादनमा कमी भएकोले कुल विक्री घटेको तर सो अनुपातमा लागतमा कमी आउन नसकेकोले नोक्सानमा वृद्धि भएको देखिन्छ। नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि.को यस वर्ष नोक्सान रू. ८ करोड ६१ लाख भई सञ्चित नोक्सान रू. ३ अर्ब ५८ करोड पुगेको छ। दुग्ध विकास संस्थानले आर्थिक वर्ष २०६३/६४ मा रू. १ करोड ४७ लाख नाफा गरेकोमा उपदान व्यवस्था तथा अन्य प्रशासनिक खर्चमा वृद्धि भएको कारणले आर्थिक वर्ष २०६४/६५ मा रू. ८ करोड ९८ लाख खुद नोक्सान व्यहोर्नु परेको छ ।

## ऋण, सम्पत्ति तथा सेयरधनी कोष

९.६ आर्थिक वर्ष २०६३/६४ मा समग्र औद्योगिक क्षेत्रको कुल वक्यौता ऋण रकम रू. ३ अर्ब ६३ करोड रहेकोमा आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा यस्तो ऋण रकममा खासै अन्तर देखिएको छैन। यस्तै, खुद स्थिर सम्पत्ति रू. १ अर्ब ८२ करोडबाट वृद्धि भई रू. ४ अर्ब ६७ करोड पुगेको छ। यस क्षेत्र अन्तर्गत उदयुपर सिमेण्ट उद्योग लि. को मात्र विगत धेरै वर्षदेखि रू. ३ अर्वको हाराहारीमा निर्माणाधीन सम्पत्ति देखिदै आएकोमा यस वर्ष सो सम्पत्तिलाई पुँजीकरण गरेकोले खुद स्थिर सम्पत्तिमा वृद्धि भएको छ। आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा यस क्षेत्रका ७ वटै संस्थानहरुको कुल सेयरधनी कोष रू. १ अर्ब ७ करोड ७७ लाख ऋणात्मक रहेको छ। समग्रमा औद्योगिक क्षेत्रको आर्थिक वर्ष २०६४/६५ को प्रगति सन्तोषजनक देखिदैन। नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि. को स्थितिमा कुनै सुधार भएको छैन र यसले हरेक वर्ष आर्थिक वोझ बढाउदै गएको छ ।

## व्यापारिक क्षेत्र

९.७ व्यापारिक क्षेत्र अन्तर्गत रहेका ६ वटा संस्थानहरुको आर्थिक वर्ष २०६४/६५ को कुल विक्री कारोवार रू. ४१ अर्ब ७ करोड रह्यो जुन आर्थिक वर्ष २०६३/६४ को रू. ३८ अर्ब ७८ करोडको तुलनामा ५.९ प्रतिशतले बढी छ। व्यापारिक क्षेत्रका सरकारी संस्थानहरुको कुल विक्रीमा करीव ९५.० प्रतिशत योगदान नेपाल आयल निगम लि. को रहेको छ। आर्थिक वर्ष २०६३/६४ को तुलनामा आर्थिक वर्ष २०६४/६५ मा नेपाल आयल निगम लि. को विक्रीमा करीव रू. २ अर्ब ४२ करोडको वृद्धि भएको छ

भने अन्य व्यापारिक संस्थानहरुको विक्री पनि बढेको देखिन्छ । कृषि सामग्री कम्पनीको विक्री गत वर्ष रू. ४४ करोड ९१ लाख रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा ६४.० प्रतिशतले ह्रास आई रू. १६ करोड १५ लाखमा झरेको छ । यसवाट सो संस्थाको दिगोपनामा प्रश्नचिन्ह खडा भएको छ ।

**नाफा नोक्सानको स्थिति**

९.८ आर्थिक वर्ष २०६४/६५ मा व्यापारिक क्षेत्रका संस्थानहरुले समग्रमा रू. ५ अर्ब ६९ करोड खुद नोक्सान व्यहोर्नु परेको छ । आर्थिक वर्ष २०६३/६४ मा यस क्षेत्रको खुद नोक्सान रू. १ अर्ब ९६ करोड रहेकोमा नेपाल आयल निगम लि. को खुद नोक्सान करीव १९०.० प्रतिशतले वृद्धि भएकोले समग्र व्यापारिक क्षेत्रको खुद नोक्सानमा वृद्धि भएको देखिन्छ । यस क्षेत्रका संस्थानहरुमध्ये राष्ट्रिय बीउ बीजन कम्पनी लि. र नेपाल खाद्य संस्थानले नेपाल सरकारबाट आर्थिक वर्ष २०६३/६४ मा क्रमशः रू. ५० लाख र रू. ३८ करोड ९५ लाख अनुदान प्राप्त गरेको कारणले खुद नाफाको स्थितिमा रहेका छन् भने नेसनल टेडिङ्ग लिमिटेड र दि टिम्वर कर्पोरेशन अफ नेपाल लि. यस वर्ष नाफामा गएका छन् । कृषि सामग्री कम्पनी लिमिटेड यस आर्थिक वर्ष २०६४/६५ मा रू. १६ करोड ४२ लाख नोक्सानमा गएको छ । नेपाल आयल निगम लि. को रू. ५ अर्व ५७ करोड ४५ लाख नोक्सानले व्यावसायिक क्षेत्रका संस्थानहरुको समग्र वित्तीय स्थिति खुद नोक्सानमा रहन गएको हो ।

**ऋण, सम्पत्ति तथा सेयरधनी कोष**

९.९ २०६५ असार मसान्तमा व्यापारिक क्षेत्रका संस्थानहरुको दीर्घकालीन ऋण रू. १० अर्ब ७७ करोड र अल्पकालीन ऋण रू. ३ अर्ब ३६ करोड पुगेको छ । मुख्यतः नेपाल आयल निगम लि. को दीर्घकालीन र अल्पकालीन ऋण क्रमशः रू. १० अर्ब ७१ करोड र २ अर्ब ४० करोड रहेको छ । यसको अतिरिक्त सो संस्थानले इण्डियन आयल निगमलाई रू. १ अर्व २४ करोड भुक्तानी दिन बाँकी रहेको देखिन्छ । नेपाल आयल निगम लि. को ऋण तथा तिर्नुपर्ने वक्यौता रकम निरन्तर बढ्ने क्रममा रहेकोले समग्र व्यापारिक क्षेत्रको ऋण रकममा वृद्धि भइरहेको देखिन्छ । यस वाहेक नेसनल ट्रेडिङ्ग लि. को अल्पकालीन ऋण रकम आर्थिक वर्ष २०६३/६४ को तुलनामा २२ प्रतिशतले कमी भई रू. ७२ करोड २० लाखमा झरेको छ । त्यस्तै, नेपाल खाद्य संस्थानको ऋण समेत रू. ४० करोड ८९ लाखबाट रू. १७ करोड ३२ लाखमा आएको छ । व्यापारिक क्षेत्रको खुद स्थिर सम्पत्ति रू. १ अर्ब ८३ करोड रहेको छ जस मध्ये कृषि सामग्री कम्पनी लि. को रू. ७९ करोड र नेपाल आयल निगम लि. को रू. ४९ करोड प्रमुख छन् । आर्थिक वर्ष २०६४/६५ मा व्यापारिक क्षेत्रका संस्थानहरुको स्थिर सम्पत्तिमा उल्लेख्य थपघट भएको देखिदैन । व्यापारिक क्षेत्रको समग्र सेयरधनी कोष ऋणात्मक भएतापनि यस क्षेत्रका ४ वटा संस्थानहरु (कृषि सामग्री कम्पनी लि., राष्ट्रिय बीउ वीजन कम्पनी लि., दि टिम्बर कर्पोरेशन अफ नेपाल लि. र नेसनल ट्रेडिङ्ग लि.) को सेयरधनी कोष धनात्मक नै रहेको छ ।

**सेवा क्षेत्र**

९.१० सेवा क्षेत्र अन्तर्गतका ७ वटा संस्थानहरुको कुल सञ्चालन आय आर्थिक वर्ष २०६३/६४ को तुलनामा २२.० प्रतिशतले ह्रास भई आर्थिक वर्ष २०६४/६५ मा रू. ५ अर्ब ५० करोडमा झरेको छ। यसमा नेपाल वायुसेवा निगम र नागरिक उड्डयन प्राधिकरणको कुल सञ्चालन आय रू. ३ अर्ब ३१ करोड तथा रू. १ अर्ब ५० करोडको प्रमुख योगदान रहेको छ। आर्थिक वर्ष २०६३/६४ को तुलनामा नागरिक उड्डयन प्राधिकरण र औद्योगिक क्षेत्र व्यवस्थापन लि. ले आफ्नो कारोवार बढाएका छन्। नेपाल वायुसेवा निगमको आम्दानी रू. ५ अर्ब २१ करोडबाट घटेर रू. ३ अर्ब ३१ करोड भएको देखिन्छ। साथै, नेपाल इन्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा केन्द्र र नेसनल कन्सट्रक्सन कम्पनी नेपाल लि.को आम्दानी घटेको छ भने राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र र नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लि. को कारोवार वढेको छ।

**नाफा नोक्सानको स्थिति**

९.११ समग्र सेवा क्षेत्रका संस्थानहरुको आर्थिक वर्ष २०६४/६५ को खुद मुनाफा रू. २१ करोड ५३ लाख रहेको छ जुन गत वर्षको रू. ४७ करोड ५५ लाखको तुलनामा ५५.० प्रतिशतले ह्रास आएको देखिन्छ। यस क्षेत्रका नागरिक उड्डयन प्राधिकरण, औद्योगिक क्षेत्र व्यवस्थापन लि. र नेपाल पारवहन तथा गोदाम व्यवस्था कं. लि.को खुद मुनाफा क्रमशः रू. ४१ करोड २७ लाख, रू. १ करोड ९५ लाख र रू. ८९ लाख रहेको छ। नेपाल वायु सेवा निगमको खुद मुनाफा आर्थिक वर्ष २०६३/६४ मा रू. ३४ करोड २१ लाख रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा कारोवार न्यून हुन गएको र प्रशासनिक खर्च सो अनुपातमा घट्न नसकेका कारणले रू. १९ करोड ७१ लाख खुद नोक्सानमा गएको छ। आर्थिक वर्ष २०६४/६५ मा नेसनल कन्स्ट्रक्सन कम्पनी नेपाल लि., नेपाल इन्जिनियरिङ्ग सेवा कन्सल्टेन्सी लि. तथा राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि. नोक्सानमै सञ्चालित रहेका छन्।

**ऋण, सम्पत्ति तथा सेयरधनी कोष**

९.१२ सेवा क्षेत्रका संस्थानहरुमध्ये नेपाल वायुसेवा निगम र नागरिक उड्डयन प्राधिकरणलेमात्र ऋण उपयोग गरिरहेका छन्। समग्रमा आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा दीर्घकालीन ऋण रू. १ अर्ब ८० करोड र अल्पकालीन ऋण रू. ३६ करोड ९३ लाख रहेको छ। त्यस्तै, यस क्षेत्रको आर्थिक वर्ष २०६४/६५ को सेयरधनी कोष रू. ९ अर्ब ७४ करोड तथा खुद स्थिर सम्पत्ति रू. १० अर्ब ३१ करोड रहेको छ। नेपाल नागरिक उड्डयन प्राधिकरणले करीव रू. ४ अर्वको सम्पत्तिलाई यस वर्ष पुँजीकरण गरी स्थिर सम्पत्तिमा समावेश गरेको छ।

**सामाजिक क्षेत्र**

९.१३ सामाजिक क्षेत्र अन्तर्गतका पाँचवटा संस्थानहरुको आर्थिक वर्ष २०६४/६५ को कुल सञ्चालन आय रू. १ अर्ब १६ करोड रहेको छ जुन आर्थिक वर्ष २०६३/६४ को

तुलनामा रू. १५ करोड ३३ लाखले वढी हुन आउँछ। यस क्षेत्रमा जनक शिक्षा सामग्री केन्द्र लि. ले सवैभन्दा बढी रू. ६८ करोडको विक्री कारोवार गरेको छ भने नेपाल टेलिभिजनले रू. २३ करोड र गोरखापत्र संस्थानले रू. २२ करोडको कारोवार गरेका छन्। आर्थिक वर्ष २०६३/६४ को तुलनामा यी संस्थानहरुको कुल विक्रीमा केही वृद्धि भएकोले समग्र सामाजिक क्षेत्रको कुल विक्री कारोवार बढेको देखिन्छ।

## नाफा नोक्सानको स्थिति

९.१४ आर्थिक वर्ष २०६३/६४ मा सामाजिक क्षेत्रका संस्थानहरुको खुद नोक्सान रू. १२ करोड ८५ लाख रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा थोरै मात्र सुधार भई खुद नोक्सान रू. १२ करोड ४९ लाख भएको छ। गत आर्थिक वर्ष गोरखापत्र संस्थान र जनक शिक्षा सामग्री केन्द्र लि. नाफामा गएकोमा यस आर्थिक वर्ष २०६४/६५ मा सम्पूर्ण सामाजिक क्षेत्रका संस्थानहरु नोक्सानमा रहेका छन्। समीक्षा अवधिमा नेपाल टेलिभिजन, जनक शिक्षा सामग्री केन्द्र लि., गोरखापत्र संस्थान, ग्रामीण आवास कम्पनी लि. र सास्कृतिक संस्थानको नोक्सान क्रमशः रू. ७ करोड ५१ लाख, रू. ३ करोड १० लाख, रू. १ करोड १८ लाख, रू. ६६ लाख र रू. ४ लाख रहेको देखिन्छ। आर्थिक वर्ष २०६३/६४ को तुलनामा आर्थिक वर्ष २०६४/६५ मा नेपाल टेलिभिजन र ग्रामीण आवास कम्पनी लि.को नोक्सानमा कमी आएको छ। आर्थिक वर्ष २०६५/६६ को प्रगति अनुमान अनुसार यस क्षेत्रको खुद नोक्सान रू. ८ करोड ८४ लाख रहने देखिन्छ।

## ऋण, सम्पत्ति तथा सेयरधनी कोष

९.१५ सामाजिक क्षेत्रका संस्थानहरुमध्ये सांस्कृतिक संस्थान र गोरखापत्र संस्थानकोमात्र दीर्घकालिन ऋण दायित्व देखिन्छ जुन क्रमशः रू. १८ करोड ४३ लाख र रू. २ करोड ४६ लाख रहेको छ। साँस्कृतिक संस्थानको दीर्घकालीन ऋण रकम आर्थिक वर्ष २०६१/६२ मा रू. १० करोड २० लाख रहेकोमा सोमा क्रमशः वृद्धि भई आर्थिक वर्ष २०६२/६३ मा रू. १२ करोड ७३ लाख, आर्थिक वर्ष २०६३/६४ मा रू. १६ करोड २३ लाख र आर्थिक वर्ष २०६४/६५ मा रू. १८ करोड ४३ लाख पुगेको छ। गोरखापत्र संस्थानले आर्थिक वर्ष २०६३/६४ मा वक्यौता देखिएको रू. २ करोड ५१ लाखको ऋणमा केही कम गराएको छ। आर्थिक वर्ष २०६३/६४ मा सामाजिक क्षेत्रका संस्थानहरुको खुद स्थिर सम्पत्ति रू. १ अर्व ६ करोड रहेकोमा आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा रू. १ अर्व ४ करोड रहन पुगेको छ। यस आर्थिक वर्षमा साँस्कृतिक संस्थानले उल्लेख्यरुपमा आफ्नो स्थिर सम्पत्ति बढाएको देखिन्छ। सामाजिक क्षेत्रका संस्थानहरुको सेयरधनी कोष आर्थिक वर्ष २०६३/६४ मा रू. १ अर्ब ६८ करोड रहेकोमा आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा रू. १ अर्व ४९ करोड पुगेको छ। यस क्षेत्रका कुनै पनि संस्थानको सेयरधनी कोष ऋणात्मक छैन। समग्रमा सामाजिक क्षेत्रका संस्थानहरुको विक्री अवस्था संतोषजनक देखिएता पनि यस अन्तर्गतका संस्थानहरुको घाटामा भने सुधार आउन सकेको छैन।

## जनोपयोगी क्षेत्र

९.१६ जनोपयोगी क्षेत्रका तीनवटा संस्थानहरुको आर्थिक वर्ष २०६४/६५ को कुल सञ्चालन आय रू. ३२ अर्ब २१ करोड रहेको छ। आर्थिक वर्ष २०६३/६४ को तुलनामा आर्थिक वर्ष २०६४/६५ को कुल सञ्चालन आय १२.३५ प्रतिशतले वृद्धि भएको छ। काठमाडौं उपत्यकमा खानेपानी व्यवस्थापन गर्न छुट्टै काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड गठन गरी उपत्यका वाहिर मात्र नेपाल खानेपानी संस्थानको कार्यक्षेत्र सीमित भएको कारण सो संस्थानको कुल आम्दानी आर्थिक वर्ष २०६४/६५ मा घटेर रू. २४ करोड १७ लाखमा सीमित भएको छ। नेपाल विद्युत प्राधिकरणको सञ्चालन आयमा ४ प्रतिशतले बृद्धि भई रू. १५ अर्ब १८ करोड पुगेको छ। यस्तै, नेपाल दूरसंचार कम्पनी लि. को कुल सञ्चालन आय आर्थिक वर्ष २०६३/६४ मा रू. १३ करोड ४५ करोड रहेकोमा सोमा २४.८ प्रतिशत वृद्धि भई रू. १६ अर्ब ७९ करोड पुगेको छ।

## नाफा नोक्सानको स्थिति

९.१७ आर्थिक वर्ष २०६३/६४ मा यस क्षेत्रका संस्थानहरुको खुद मुनाफा रू. ५ करोड ५७ करोड रहेकोमा आथिर्क वर्ष २०६४/६५ मा २६.० प्रतिशतले वृद्धि भई रू. ७ करोड २ करोड पुगेको छ। यस क्षेत्र अन्तर्गत आर्थिक वर्ष २०६४/६५ मा नेपाल दूरसंचार कम्पनी लि. मात्र रू. ७ अर्ब ९४करोड खुद मुनाफामा रहेको छ। नेपाल दूरसंचार कम्पनी लि. को योगदानले समग्र जनोपयोगी क्षेत्रलाई मुनाफामा लैजान मद्दत पुऱ्याएको देखिन्छ। आर्थिक वर्ष २०६४/६५ मा नेपाल विद्युत प्राधिकरण र नेपाल खानेपानी संस्थानले क्रमशः रू. ९० करोड ९३ लाख र रू. १ करोड ६७ लाख घाटा व्यहोरेका छन्। नेपाल दूरसञ्चार कम्पनी लि. को आर्थिक वर्ष २०६५/६६ मा खुद मुनाफा रू. १० अर्ब १४ करोड पुग्ने अनुमान रहेको छ।

## ऋण, सम्पत्ति तथा सेयरधनी कोष

९.१८ आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा नेपाल खानेपानी संस्थानको रू. ४४ करोड ९६ लाख र नेपाल विद्युत प्राधिकरणको रू. ५१ अर्ब ६३ करोड दीर्घकालीन ऋण रहेको छ। यस क्षेत्रका संस्थानहरुको ठूलो लगानी स्थिर सम्पत्तिमा भएको छ। निर्माणाधीन सम्पत्ति समेत गरी आर्थिक वर्ष २०६३/६४ को अन्त्यमा रू. ९८ अर्ब २५ करोडको खुद स्थिर सम्पत्ति रहेकोमा आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा सो रू. १ खर्ब ५ अर्ब ५६ करोड रहेको छ।

## वित्तीय क्षेत्र

९.१९ वित्तीय क्षेत्रका ८ वटा संस्थानहरुको कुल सञ्चालन आय आर्थिक वर्ष २०६३/६४ को तुलनामा ८ प्रतिशतले वृद्धिभई आर्थिक वर्ष २०६४/६५ मा रू. १० अर्ब ९३ करोड पुगेको छ। मुख्य रुपमा यस आर्थिक वर्षमा नेपाल औद्योगिक विकास निगम लि. ले नविल बैकको २ लाख ६५ हजार ५ सय ७० कित्ता सेयर विक्री गरेकोले आयमा

उल्लेखनीय रुपमा वृद्धि भई कुल सञ्चालन आय रू. १ अर्ब १३ करोड पुगेको छ। राष्ट्रिय बाणिज्य बैंक लि.को कुल सञ्चालन आय आर्थिक वर्ष २०६३/६४ मा रू. २ अर्ब ८३ करोड भएकोमा आर्थिक वर्ष २०६४/६५ मा बृद्धि भई रू. ३ अर्ब ३० करोड पुगेको छ। कृषि विकास वैंक लि. र निक्षेप तथा कर्जा सुरक्षण निगम लि. को कुल सञ्चालन आयमा भने कमी आएको छ। अन्य वित्तीय सार्वजनिक संस्थानमा भने सामान्य बृद्धि भएको देखिन्छ। आर्थिक वर्ष २०६४/६५ मा यस क्षेत्रमा भएको कुल सञ्चालन आयमा रू. ८१ करोड २६ लाखको वृद्धि भएकोले समग्र वित्तीय क्षेत्रका संस्थानहरुको सञ्चालन आयमा सकारात्मक योगदान पुगेको छ। आर्थिक वर्ष २०६२/६३ देखि कृषि विकास वैंक लि. ले "क" वर्गको वित्तीय कारोवार गर्ने वाणिज्य वैंकको रुपमा नेपाल राष्ट्र वैंकबाट स्वीकृति पाई विभिन्न वैंकिङ्ग कारोवार सञ्चालन गर्दै आएको छ।

## नाफा नोक्सानको स्थिति

९.२० वित्तीय क्षेत्रको खुद मुनाफा आर्थिक वर्ष २०६३/६४ मा रू. ४ अर्ब ६ करोड रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा २.४ प्रतिशतले ह्रास आई रू. ३ अर्ब ९६ करोडमा झरेको छ। खासगरी राष्ट्रिय बाणिज्य बैंक लि, नेपाल औद्योगिक विकास निगम लि. र नेपाल स्टक एक्सचेन्ज लिमिटेडको नाफामा बृद्धि भई क्रमशः रू. १ अर्ब ७६ करोड ८८ लाख, रू. ७४ करोड २४ लाख र रू. ७ करोड ९१ लाख पुगेको छ भने कृषि बिकास बैंक लि. र राष्ट्रिय बीमा संस्थानको मुनाफामा कमी आएको छ। निक्षेप तथा कर्जा सुरक्षण निगम लि. आर्थिक वर्ष २०६३/६४ मा रू. १ करोड १ लाख नाफामा गएकोमा यस वर्ष रू. २ करोड ८५ लाख नोक्सानमा गएको छ। नागरिक लगानी कोष र नेपाल आवास विकास वित्त कम्पनी लि. को नाफामा खासै सुधार भएको छैन।

## ऋण, निक्षेप, लगानी र सेयरधनी कोष

९.२१ यस क्षेत्रका संस्थानहरुको ऋण आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा रू. ८ अर्ब ३३ करोड वाँकी रहेको छ, जसमध्ये नेपाल औद्योगिक विकास निगमको रू. २३ करोड २० लाख, राष्ट्रिय वाणिज्य बैंक लि. को रू. २ अर्ब ५१ करोड ७० लाख र कृषि विकास बैंक लि. को रू. २५ करोड ७४ लाख रहेको छ। राष्ट्रिय बीमा संस्थानको जीवन बीमा कोषको दायित्व रू. ७ अर्ब १५ करोड समेत ऋण दायित्वमा समावेश गरिएको छ। वित्तीय क्षेत्रका संस्थानहरुमध्ये कृषि विकास बैंक लि., राष्ट्रिय बाणिज्य बैंक लि., र नेपाल आवास विकास वित्त कम्पनी लि. ले सर्वसाधारणबाट निक्षेप स्वीकार गरी कारोवार गर्दै आएका छन्। नेपाल औद्योगिक विकास निगम लि. ले पनि वैंकिङ्ग कारोवार गर्ने स्वीकृति प्राप्त गरेको छ। आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा यस्तो निक्षेप रू. ९३ अर्ब ९४ करोड पुगेको छ जुन गत वर्षको रू. ८३ अर्ब ५५ करोड भन्दा १२.४३ प्रतिशतले बढी छ। त्यस्तै, आर्थिक वर्ष २०६३/६४ को अन्त्यमा यी संस्थानहरुको खुद कर्जा प्रवाह रू. ५२ अर्ब ३८ करोड रहेकोमा आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा सामान्य बृद्धि भई रू. ५३ अर्ब ८३ करोड पुगेको छ। समग्र

वित्तीय क्षेत्रका संस्थानहरुको सेयरधनीकोष रू. ७ अर्ब ९५ करोडले ऋणात्मक रहेको छ। राष्ट्रिय वाणिज्य बैंक लि. को सेयरधनी कोष रू. १५ अर्ब ४६ करोडले ऋणात्मक भएको कारणले अन्य सवै वित्तीय संस्थानहरुको सेयरधनी कोष धनात्मक नै भएता पनि समग्र वित्तीय क्षेत्रका संस्थानहरुको सेयरधनी कोष ऋणात्मक देखिन गएको हो। सन् २००३ मा विश्व बैंकको सहयोगमा संचालित बैंकिङ्ग क्षेत्र सुधार कार्यक्रम अन्तर्गत राष्ट्रिय वाणिज्य बैंक लि. को व्यवस्थापन करारमा दिए पश्चात् उक्त बैंकको खुद ऋणात्मक सम्पत्ति (Networth) क्रमिक रुपमा घट्दै गएको पाइन्छ। आर्थिक वर्ष २०५९/६० मा उक्त बैंकको खुद सम्पत्ति रू. २२ अर्ब ३९ करोडले ऋणात्मक रहेकोमा आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा रू. १५ अर्ब ४६ करोड ऋणात्मक रहन गएको छ।

### लेखापरीक्षणको अवस्था

९.२२ सार्वजनिक संस्थानहरुले प्रत्येक वर्ष लेखापरीक्षण गराउनु पर्ने कानुनी व्यवस्था भएतापनि सोको पालना नगर्ने परिपाटी अझै विद्यमान छ। आर्थिक वर्ष २०६४/६५ सम्मको लेखापरीक्षण १९ वटा सार्वजनिक संस्थानहरुले, आर्थिक वर्ष २०६३/६४ सम्म मात्रको लेखापरीक्षण ९ वटा सार्वजनिक संस्थानहरुले र आर्थिक वर्ष २०६२/६३ सम्म मात्रको लेखापरीक्षण ३ वटा सार्वजनिक संस्थानहरुले सम्पन्न गराएका छन्। लेखापरीक्षण सम्बन्धमा कानुनले प्रष्ट रुपमा समयावधि समेत तोकी लेखापरीक्षण गराउनु पर्ने व्यवस्था गरेको भएता पनि केही संस्थानहरुले समयमै लेखापरीक्षण गराउनु पर्ने कानूनी व्यवस्थालाई परिपालन गरेको पाइएन। यसले सम्बन्धित संस्थानको व्यवस्थापनको असक्षमता र लापरवाहीको नमूना देखाउँदछ। प्रत्येक वर्ष अनिवार्य रुपमा लेखापरीक्षण कार्य सम्पन्न गराउनु पर्ने दायित्व वोकेका सार्वजनिक संस्थानहरुमध्ये केहीमा देखिएको लेखापरीक्षण सम्बन्धी अत्यन्त कमजोर अवस्था तल उल्लेख गरिएको छ :

**मञ्जुषा ९(क) : लेखापरीक्षणको स्थिति अत्यन्त कमजोर रहेका केही सार्वजनिक संस्थानहरु**

| क्र.सं. | सार्वजनिक संस्थानको नाम | लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्ष |
|---|---|---|
| १ | नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा. लि. | २०५७/५८ |
| २ | राष्ट्रिय बीमा संस्थान | २०५८/५९ |
| ३ | उदयपुर सिमेन्ट उद्योग लि. | २०६१/६२ |
| ४ | गोरखापत्र संस्थान | २०६१/६२ |
| ५ | नेपाल औद्योगिक विकास निगम लि. | २०६१/६२ |

### संस्थानको सञ्चालक समितिमा सुधार

९.२३ संस्थानहरुको सञ्चालन तथा व्यवस्थापनमा दक्ष, व्यावसायिक एवं पेशाबिद्हरुलाई मात्र प्रतिनिधित्व गराउने र संचालक सदस्य संख्या ५ मा सीमित गर्ने नीति अनुरुप अधिकांश संस्थानमा यो व्यवस्था अबलम्बन गरिसकिएको छ। केही संस्थानहरुको

सञ्चालक समितिको सदस्य संख्या ऐन/नियमद्वारा नै तोकिएकोले ऐन/नियममा संशोधन गरी सदस्य संख्या ५ मा सीमित गर्ने कार्यले पूर्णता पाउन बाँकी रहेको छ। यस प्रकारका संस्थानहरुको नाम तल उल्लेख गरिएको छ :-

**मञ्जुषा ९(ख) : केही संस्थानहरुमा सञ्चालकहरुको विद्यमान संख्या**

| क्र.सं. | सार्वजनिक संस्थानको नाम | सञ्चालकको संख्या |
|---|---|---|
| १ | नेपाल आयल निगम लि. | ८ |
| २ | नागरिक उड्डयन प्राधिकरण | ८ |
| ३ | नेपाल आवास विकास वित्त कम्पनी लि. | ८ |
| ४ | नेपाल खानेपानी संस्थान | ७ |
| ५ | नेपाल विद्युत प्राधिकरण | ७ |
| ६ | नेपाल वायुसेवा निगम | ७ |
| ७ | राष्ट्रिय बीमा संस्थान | ७ |
| ८ | उदयपुर सिमेन्ट उद्योग लि. | ६ |
| ९ | नेपाल खाद्य संस्थान | ६ |
| १० | निक्षेप तथा कर्जा सुरक्षण निगम लि. | ६ |
| ११ | नेपाल स्टक एक्सचेञ्ज लि. | ६ |
| १२ | गोरखापत्र संस्थान | ६ |
| १३ | ग्रामीण आवास कम्पनी लि. | ६ |

## नेपाल सरकारको सेयर तथा ऋण लगानी

९.२४ उपरोक्त ३६ वटा सार्वजनिक संस्थानहरुमा महालेखा नियन्त्रक कार्यालयका अनुसार नेपाल सरकारको सेयर लगानी रू. ८१ अर्व ९२ करोड ६ लाख रहेको छ। उक्त लगानीबाट आर्थिक वर्ष २०६४/६५ मा सरकारले रू. १ अर्व ५१ करोड ३८ लाख लाभांश प्राप्त गरेको छ। त्यस्तै, ऋण लगानीतर्फ आर्थिक वर्ष २०६४/६५ को अन्त्यसम्ममा रू. ७३ अर्व ८१ करोड ९ लाख वक्यौता रहेको छ। यसमध्ये आन्तरिक ऋणतर्फ रू. १३ अर्व १६ लाख र वाह्य ऋणतर्फ रू. ६० अर्व ६९ करोड ३ लाख रहेको छ। अघिल्लो आर्थिक वर्षको सरकारी संस्थान सम्बन्धी कार्य प्रगति तथा लक्ष्य विवरणमा विभिन्न संस्थानहरुमा नेपाल सरकारको सेयर र ऋण लगानी रकम सम्बन्धित संस्थानहरु र महालेखा नियन्त्रक कार्यालयको हिसावमा फरक परेको तथ्य औंल्याइएतापनि आर्थिक वर्ष २०६४/६५ को विवरणमा संस्थानहरुको हिसाव मिलान प्रगति भएको पाइएन। साथै, अझै धेरै संस्थानहरुको सेयर र ऋण लगानी हिसाव भिडान गरी हिसाव मिलान गर्न वाँकी देखिन्छ। यसरी लामो समयसम्म हिसाव मिलान

नहुँदा भविष्यमा हिसाव मिलान गर्न जटिलता उत्पन्न हुँदै जाने तथा संस्थानहरुको वास्तविक वित्तीय अवस्था समेत यथार्थ चित्रण नहुने भएकोले समयमै हिसाव मिलान गर्नेतर्फ अग्रसर हुन अत्यावश्यक देखिन्छ । ऋण लगानीमा देखिएको फरक विवरण तल प्रस्तुत गरिएको छ :

**तालिका ९(क) : नेपाल सरकारको ऋण लगानीमा देखिएको फरक**

*(रू. लाखमा)*

| *क्र.सं. (१)* | *सार्वजनिक संस्थानको नाम (२)* | *संस्थानले देखाएको रकम (३)* | *म.ले.नि.का.ले देखाएको रकम (४)* | *फरक (५)=(३)-(४)* |
|---|---|---|---|---|
| १ | नेपाल औषधि लिमिटेड | १२,२० | १०,८५ | १,३५ |
| २ | उदयपुर सिमेण्ट उद्योग लि. | १,७४,०० | २,२२,५० | -४८,५० |
| ३ | नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि | ३४,९३ | ३५,७० | -७७ |
| ४ | नेपाल खाद्य संस्थान | - | ४२ | -४२ |
| ५ | दि टिम्वर कर्पोरेशन अफ नेपाल | ५४८ | ५७८ | -३० |
| ६ | नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लि. | - | १० | -१० |
| ७ | नागरिक उड्डयन प्राधिकरण | १,०२,२० | २,३२,७८ | -१,३०,५८ |
| ८ | नेपाल खानेपानी संस्थान | ४४,९६ | ३,७४,८५ | -३,२९,८९ |
| ९ | नेपाल विद्युत प्राधिकरण | ५१,६३,५७ | ५४,६१,५९ | -२,९८,०२ |
| १० | नेपाल दूर सञ्चार कम्पनी लि. | - | १०,४३ | -१०,४३ |
| ११ | कृषि विकास बैंक लि. | - | ४०,१८ | -४०,१८ |
| १२ | नेपाल औद्योगिक विकास निगम लि. | - | ६५ | -६५ |
| | जम्मा : | **५५,३७,३४** | **६३,९५,८३** | **-८,५८,४९** |

**तालिका ९(ख) : नेपाल सरकारको सेयर लगानीमा देखिएको फरक**

*(रू. लाखमा)*

| *क्र.सं. (१)* | *सार्वजनिक संस्थानको नाम (२)* | *संस्थानले देखाएको रकम (३)* | *म.ले.नि.का.ले देखाएको रकम (४)* | *फरक (५)=(३)-(४)* |
|---|---|---|---|---|
| १ | जडिवुटी उत्पादन तथा प्रशोधन कं. लि. | २,७५ | ३,९७ | -१,२२ |
| २ | कृषि सामग्री कंपनी लि. | ४१,५९ | ४१,३६ | २३ |
| ३ | राष्ट्रिय बीउ बिजन कम्पनी लि. | ११,८५ | ११,०१ | ८४ |
| ४ | नेपाल खाद्य संस्थान | ९९,०५ | ९९,९३ | -८८ |
| ५ | नेपाल आयल निगम लि. | ९,५१ | २९,०८ | -१९,९७ |
| ६ | नेपाल नागरिक उड्डयन प्राधिकरण | १०,९२,१३ | १४,७१,६६ | -३,७९,५३ |
| ७ | ग्रामीण आवास कम्पनी लि. | २,३३ | २,७३ | -४० |
| ८ | नेपाल खानेपानी संस्थान | ४७,०१ | १,४०,७७ | -९३,७६ |

| क.सं. (१) | सार्वजनिक संस्थानको नाम (२) | संस्थानले देखाएको रकम (३) | म.ले.नि.का.ले देखाएको रकम (४) | फरक (५)=(३)-(४) |
|---|---|---|---|---|
| ९ | नेपाल विद्युत प्राधिकरण | २८,६१,०० | २९,०८,६६ | -४७,६६ |
| १० | नेपाल दूर सञ्चार कम्पनी लि. | १३,७२,०० | १४,९९,५० | -१,२७,५० |
| ११ | कृषि विकास बैंक लि. | १०,३२,५० | १०,३६,१८ | -३,६८ |
| १२ | नेपाल औद्योगिक विकास निगम लि. | ४१,२७ | ३४,९२ | ६,३५ |
| १३ | नागरिक लगानी कोष | ६० | ४० | २० |
| | जम्मा : | **६६,१३,५९** | **७२,८०,१७** | **-६,६६,५८** |

**कर्मचारी/कामदारको अवस्था**

९.२५ सरकारको पूर्ण/अधिकांश स्वामित्व रहेका यी ३६ वटा सार्वजनिक संस्थानहरुमा आर्थिक वर्ष २०६४/६५ को अन्त्यसम्ममा ३४ हजार १ सय ७० जना कर्मचारी/कामदारहरु कार्यरत रहेकोमा चालू आर्थिक वर्ष २०६५/६६ मा ३६ हजार ४ सय ५७ जना र आगामी आर्थिक वर्ष २०६६/६७ मा सो सङ्ख्या ३७ हजार ४ सय ५० पुग्ने अनुमान गरिएको छ। संस्थानहरुमा अनावश्यक जनशक्तिको चाप अझै छ। उस्तै प्रकृतिका निजी क्षेत्रका उद्योग कम्पनीका कर्मचारी/कामदार सङ्ख्या तथा उत्पादकत्वको तुलनामा सरकारी संस्थानहरुमा कार्यरत कर्मचारीहरुको सङ्ख्या अनुरुप वस्तु वा सेवाको उत्पादन वा विक्री वितरण हुन सकिरहेको छैन। यसले गर्दा संस्थानहरुको शिरोभार खर्चमा बृद्धि भई वित्तीय भार बढिरहेको छ र कार्यरत कर्मचारी/कामदारहरुको कम उत्पादकत्वका कारण समग्र क्षेत्रको उत्पादकत्व घटेर गइरहेको छ। एकातर्फ सरकारी संरक्षणका कारणले संस्थानका कामदार /कर्मचारीहरुमा प्रतिस्पर्धी भावनाको अभाव भई आफ्नो कामप्रति उत्प्रेरित नरहेको अवस्था छ भने अर्कोतर्फ कामदार कर्मचारीहरु बढी सुविधामुखी भइरहेका छन्। व्यावसायिक स्वतन्त्रतामा अपेक्षित सुधार नआएकोले निर्णय गर्न वाधा पुग्ने अवस्थाबाट सार्वजनिक संस्थानहरु गुज्रीरहेकाछन्। यी विभिन्न कमी कमजोरीहरुको वावजुद पनि केही संस्थानहरुले अत्यावश्यक वस्तु वा सेवाको उत्पादन तथा विक्री वितरण प्रभावकारी रुपमा गर्दै आएका छन्।

**कोषमा व्यवस्था नगरिएको दायित्व**

९.२६ धेरैजसो सार्वजनिक संस्थानहरुले कर्मचारीलाई दिनुपर्ने उपदान, विदाको रकम जस्ता दायित्व पुर्णरुपमा कोषमा व्यवस्था नगरेका तथा संभावित दायित्व समेत ठूलो परिमाणमा रहेको देखिन्छ। आर्थिक वर्ष २०६४/६५ सम्ममा यसरी कोषमा व्यवस्था नगरिएको रकम रू. ४ अर्ब ९६ करोड तथा सम्भावित दायित्व रकम रू. १६ अर्ब ३६ करोड सिर्जना भएको छ। संस्थानले कोष व्यवस्था नगरेको तथा विद्यमान रहेको संभावित दायित्व निम्नानुसार रहेको छ :

**तालिका ९ (ग) : संस्थानले कोष व्यवस्था नगरेको तथा सम्भावित दायित्व**

रू. लाखमा

| क्र.सं. | सार्वजनिक संस्थानको नाम | कोष व्यवस्था नभएको | सम्भावित दायित्व | जम्मा |
|---|---|---|---|---|
| १ | दुग्ध विकास संस्थान | २८,१४ | ० | २८,१४ |
| २ | जडीबूटी उत्पादन तथा प्रशोधन केन्द्र लि. | १२,०८ | १५ | १२,२३ |
| ३ | हेटौडा सिमेन्ट उद्योग लि. | ० | ० | ० |
| ४ | जनकपुर चुरोट कारखाना लि. | ६४,९९ | | ६४,९९ |
| ५ | नेपाल औषधि लि. | ८,८१ | | ८,८१ |
| ६ | उदयपुर सिमेन्ट उद्योग लि. | ७,०० | | ७,०० |
| ७ | नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि. | ३२,०० | ० | ३२,०० |
| ८ | कृषि सामग्री कम्पनी लिमिटेड | १६,४७ | १५.०० | १६,६२ |
| ९ | राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेड | | | ० |
| १० | नेसनल ट्रेडिङ्ग लिमिटेड | १०,३८ | ३७,०३ | ४७,४१ |
| ११ | नेपाल खाद्य संस्थान | २९,६० | | २९,६० |
| १२ | नेपाल आयल निगम लि. | ० | ० | ० |
| १३ | दि टिम्बर कर्पोरेसन अफ नेपाल लि. | ७,३४.३५ | ० | ७,३४.३५ |
| १४ | औद्योगिक क्षेत्र व्यवस्थापन लि. | १,३२ | | १,३२ |
| १५ | नेसनल कन्स्ट्रक्सन कम्पनी नेपाल लि. | २,०० | | २,०० |
| १६ | नेपाल पारवहन तथा गोदाम व्यवस्था कं. लि. | १,२८ | | १,२८ |
| १७ | नेपाल इञ्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा केन्द्र लि. | ० | ० | ० |
| १८ | नेपाल वायुसेवा निगम | ३४,७१.२० | ० | ३४,७१.२ |
| १९ | राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि. | ० | ० | ० |
| २० | नागरिक उड्डयन प्राधिकरण | | ९४,९६.२० | ९४,९६.२ |
| २१ | सांस्कृतिक संस्थान | ७७ | ० | ७७ |
| २२ | गोरखापत्र संस्थान | ० | ० | ० |
| २३ | जनक शिक्षा सामग्री केन्द्र लि. | १०,७० | ९५ | ११,६५ |
| २४ | नेपाल टेलिभिजन | ८,४२ | | ८,४२ |
| २५ | ग्रामीण आवास कम्पनी लि. | ९०.१६ | | ९०.१६ |
| २६ | नेपाल खानेपानी संस्थान | २३,४५ | ० | २३,४५ |
| २७ | नेपाल विद्युत प्राधिकरण | ३१,५१.२७ | १०,२१,०४ | १०,५२,५५ |
| २८ | नेपाल दूर सञ्चार कम्पनी लि. | १६,३७० | ३२ | १,६४,०२ |
| २९ | कृषि विकास बैंक लि. | ० | २,१९,८१ | २,१९,८१ |

| क्र.सं. | सार्वजनिक संस्थानको नाम | कोष व्यवस्था नभएको | सम्भावित दायित्व | जम्मा |
|---|---|---|---|---|
| ३० | राष्ट्रिय बीमा संस्थान | ० | ० | ० |
| ३१ | नेपाल औद्योगिक विकास निगम लि. | ० | ० | ० |
| ३२ | राष्ट्रिय वाणिज्य बैंक लि. | | २,६१,९७ | २,६१,९७ |
| ३३ | निक्षेप तथा कर्जा सुरक्षण निगम लि. | | | ० |
| ३४ | नेपाल आवास विकास वित्त कम्पनी लि. | | | ० |
| ३५ | नेपाल स्टक एक्सचेञ्ज लिमिटेड | ० | ० | ० |
| ३६ | नागरिक लगानी कोष | ० | ० | ० |
| | जम्मा | ४,९५,५८ | १६,३६,३८ | २१,३१,९६ |

## सरकारी संस्थानहरुको विनिवेश, खारेजी र विघटन

९.२७ सरकारी संस्थानहरुको दक्षता बृद्धि गरी उत्पादकत्व बढाउन, सरकारलाई परेको प्रशासनिक तथा वित्तीय भार कम गर्न र निजी क्षेत्रको सहभागिता बृद्धि गर्नुका साथै प्रवाह गरिने सेवालाई प्रभावकारी बनाउने समेत उद्देश्य राखी वि.स. २०५० देखि सरकारी स्वामित्वमा रहेका संस्थानहरुको निजीकरण, खारेजी र विघटन प्रक्रिया अघि बढाइएको हो । त्यस समय देखि आर्थिक वर्ष २०६५/६६ सम्ममा ३० वटा सार्वजनिक संस्थानहरुको व्यवसाय तथा सम्पत्ति विक्री, आंशिक सेयर विक्री, चालू सम्पत्ति विक्री तथा भवन र जग्गा भाडा, व्यवस्थापन करार, खारेजी तथा विघटन जस्ता Modality अपनाई विनिवेश गरिएको छ, जसको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ९(घ) : विनिवेश/खारेजी/विघटन भएका सार्वजनिक संस्थानहरू**

| क्र.सं | संस्थान/प्रतिष्ठानको नाम | विनिवेश वा खारेज भएको वर्ष (इ.सं.) | निजीकरण प्रक्रिया | सेयर बिक्री (प्रतिशत) | विनिवेशवाट प्राप्त रकम (रू. हजारमा) |
|---|---|---|---|---|---|
| १ | भृकुटी कागज कारखाना | १९९२ | व्यवसाय एवं सम्पत्ति बिक्री | - | २२,९८,०० |
| २ | हरिसिद्धि ईटा टायल कारखाना | १९९२ | व्यवसाय एवं सम्पत्ति बिक्री | - | २१,४८,३० |
| ३ | बाँसबारी छाला जुत्ता कारखाना | १९९२ | व्यवसाय एवं सम्पत्ति बिक्री जग्गा वाहेक) | - | २,९८,५४ |
| ४ | चलचित्र विकास कम्पनी | १९९३ | सेयर बिक्री | ५१.० | ६,४६,६२ |
| ५ | बालाजु कपडा उद्योग | १९९३ | सेयर बिक्री | ७०.० | १,७७,१६ |
| ६. | काँचो छाला संकलन तथा बिक्री केन्द्र | १९९३ | सेयर बिक्री | १००.० | ३९,९० |
| ७ | नेपाल विटुमिन तथा व्यारेल उद्योग | १९९४ | सेयर बिक्री | ६५.० | १,३१,२७ |
| ८ | नेपाल ल्यूब आयल | १९९४ | सेयर बिक्री | ४०.० | ३,१०,५७ |

| क.सं | संस्थान/प्रतिष्ठानको नाम | विनिवेश वा खारेज भएको वर्ष (इ.सं.) | निजीकरण प्रक्रिया | सेयर बिक्री (प्रतिशत) | विनिवेशवाट प्राप्त रकम (रू. हजारमा) |
|---|---|---|---|---|---|
| ९ | नेपाल जुट विकास तथा व्यापार कम्पनी | १९९३ | खारेजी | – | – |
| १० | सूर्ति विकास कम्पनी | १९९४ | खारेजी | – | – |
| ११ | नेपाल ढलौट कारखाना | १९९६ | सेयर बिक्री | ५१.० | १,४४,७३ |
| १२ | रघुपति जुट मिल | १९९६ | सेयर बिक्री | ६५.० | ८,२२,०४ |
| १३ | नेपाल बैंक लि. | १९९७ | सेयर बिक्री | १०.० | १२,५१,४० |
| १४ | कृषि आयोजना सेवा केन्द्र | २००१ | खारेजी | – | – |
| १५ | नेपाल चिया विकास निगम | २००० | सेयर बिक्री | ६५.० | २६,७१,०५ |
| १६ | विराटनगर जुट मिल * | २००२ | व्यवस्थापन करार | – | – |
| १७ | हिमाल सिमेण्ट उद्योग लि.** | २००२ | खारेजी | – | – |
| १८ | घरेलु शिल्पकला बिक्री भण्डार | २००२ | खारेजी | – | – |
| १९ | नेपाल कोल लि. | २००२ | खारेजी | – | – |
| २० | हेटौंडा कपडा उद्योग | २००२ | खारेजी | – | – |
| २१ | नेपाल यातयात संस्थान | २००२ | विघटन | – | – |
| २२ | बुटवल पावर कम्पनी | २००३ | शेयर बिक्री | ७५.० | ८७,४२,०० र १० लाख अमेरिकी डलर |
| २३ | वीरगञ्ज चिनी कारखाना लि. | २००३ | खारेजी | – | – |
| २४ | कृषि औजार कारखाना लि. | २००३ | खारेजी | – | – |
| २५ | भक्तपुर ईंटा कारखाना लि. | २००४ | सम्पत्ति बिक्री र भाडा | – | १,४५,०० (सम्पत्ति बिक्री ३,१९,०० (१० वर्षको भाडा |
| २६ | लुम्बिनी चिनी कारखाना | २००६ | सम्पत्ति बिक्री र भाडा | – | ७,८६,०० (सम्पत्ति बिक्री) ४२,१२ (प्रति बर्ष भाडा) |
| २७ | नेपाल रोजिन एण्ड टर्पेण्टाइन लिं | २००६ | सम्पत्ति बिक्री र भाडा | – | ११,०१,०० (सम्पत्ति बिक्री ३०,१२ (प्रति बर्ष भाडा) |
| २८ | कृषि चुन उद्योग लि. | २००६ | खारेजी | | |
| २९ | नेपाल ड्रिलिङ्ग कम्पनी | २००६ | खारेजी | | |
| ३० | नेपाल दूरसंचार कंपनी लि. | २००८ | सेयर बिक्री | ८.५३ | ४,२६,४१,३९ |

* विगतमा व्यवस्थापन करारमा दिइएको भएतापनि सो वमोजिम सञ्चालन हुन नसकेपछि हाल सरकारले सञ्चालन गरिआएको ।

** अदालतको फैसला वमोजिम खारेजी बदर भएकोले पुन: प्रक्रिया पुऱ्याई खारेजीमा लैजाने क्रममा रहेको ।

९.२८ निजीकरण गरिएका संस्थानहरुको निजीकरण पछिको अवस्था सम्वन्धमा अनुगमन हुन सकेको छैन । केही संस्थानहरु निजीकरण पछि बन्द भएका र सञ्चालनमा रहेकाहरुमा पनि लगानी, उत्पादन र उत्पादकत्वमा बृद्धि हुन नसकेको र ठूलो संख्यामा रोजगारीमा कटौती भएको देखिन्छ । यसै क्रममा सरकारी स्वामित्वमा रहेका तथा निजीकरण भएका सार्वजनिक संस्थानहरुको वास्तविक स्थिति बारे अध्ययन गरी समसामयिक रुपमा सुधार गर्न एक कार्यदल गठन गरिएकोमा सो कार्यदलले निजीकरणमा रहेका समस्या तथा सुझाव समेत दिएको छ । आर्थिक बर्ष २०६५/६६ मा कुनै पनि सार्वजनिक संस्थानको निजीकरण प्रक्रिया अगाडि बढेको छैन । निजीकरण भइसकेका संस्थानहरुमध्ये भक्तपुर ईटा कारखाना लिमिटेडको लिक्विडेसन कार्य समाप्त भई

कम्पनी रजिष्ट्रारको कार्यालयबाट खारेज भएको छ। कृषि चून उद्योग लिमिटेडको लिक्विडेसन कार्य अन्तिम चरणमा पुगेको छ। करिव १५ वर्ष अघि सुरु भएको निजीकरणको अनुभववाट निजीकरण कार्यक्रम कार्यान्वयनमा मूलभूत रुपमा चुनौतिहरु देखिएकाछन् ।

**निजीकरण कार्यक्रम कार्यान्वयनमा देखापरेका समस्याहरू**

९.२९ विक्री भएको सम्पत्तिको लिनु दिनु पर्ने मूल्य निजीकरण गरिएका केही सार्वजनिक संस्थानहरुको निजीकरण गर्ने सिलसिलामा तयार पारिएको विवरण (Information Memorandum) मा उल्लेख भएको सम्पत्तिको परिमाण, गुणस्तर र अवस्थाको बारेमा सम्झौता पश्चात् भौतिक परीक्षण (Physical Verification) गर्दा नेपाल सरकारको तर्फबाट नियुक्त मूल्यांकनकर्ता र सम्बन्धित खरीदकर्ताको मूल्यांकनकर्ताले गरेको मूल्याङ्कनमा ठूलो अन्तर भई खरीदकर्ता र सरकारबीच विवाद सिर्जना भई निजीकरण सम्बन्धी कार्य टुङ्गोमा पुऱ्याउन व्यवधान पर्ने गरेको छ। बालाजु कपडा उद्योग, रघुपति जुट मिल, भक्तपुर ईटा कारखाना, नेपाल रोजिन एण्ड टर्पेन्नटाइन आदिमा अझैपनि यो समस्या रहेको छ। त्यस्तै, निजीकरणको सिलसिलामा भाडा (Lease) मा दिइएका जग्गाहरु अतिक्रमण भएको कारणबाट खरीदकर्ताले उपयोगमा ल्याउन नसकेको अवस्थाले पनि निजीकरण टुङ्गोमा पुऱ्याउन सकिएको छैन। रघुपति जुट मिल, नेपाल चिया विकास निगममा यस सम्बन्धी ठूलो समस्या रहेको छ। यसवाहेक, निजीकरण गरिएका केही सार्वजनिक प्रतिष्ठानका खरीदकर्ताहरुले सरकारलाई तिर्नुपर्ने रकमसँग असहमति जनाई मुद्दामा गएका छन्। यसबाट सरकारले प्राप्त गर्नुपर्ने रकम असूल गर्न कठिनाइ भएको र निजीकरण प्रक्रिया फरफारक गर्न नसकिएको अवस्था छ। हरिसिद्धि ईटा टायल कारखाना, भृकुटी कागज कारखाना, कृषि औजार कारखाना र भक्तपुर ईटा कारखानामा यस्तो समस्या रहेको छ।

९.३० विघटित तथा खारेज गरिएका सार्वजनिक संस्थानहरुको सम्पत्ति विक्री गर्न सकिएको छैन। हेटौंडा कपडा उद्योग खारेज गरेको ६ वर्ष भइसक्दा पनि यस्तो सम्पत्ति विक्री हुन सकेन। मेसिनरीहरु धेरै पुराना (Obsolete) भएको कारणबाट पनि यस्तो हुन गएको हो। नेपाल ड्रिलिङ्ग कम्पनी, वीरगञ्ज चिनी कारखाना, कृषि औजार कारखानामा पनि यस्तो अवस्था रहेको छ। साथै, जुन उद्देश्यका साथ सार्वजनिक संस्थानहरु निजीकरण गरिएको हो सो उद्देश्य प्राप्त हुन सके नसकेको सम्बन्धमा अनुगमन गर्न नसकिएको कारण वास्तविक अवस्था बारे उल्लेख गर्न सकिने अवस्था नरहेकोले निजीकृत संस्थानहरुको नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्रको व्यवस्था गर्नु आवश्यक देखिएको छ। निजीकरण कार्य सम्पन्न गर्न सरकारले ठूलो आर्थिक दायित्व व्यहोर्नु परेको छ। खारेज, विघटन वा विनिवेश कार्य सम्पन्न भई नसकेका संस्थानहरुको लागि अझै ठूलो आर्थिक भार सरकारले बहन गर्नुपर्ने अवस्था रहेको छ। सामान्यतया सार्वजनिक संस्थानहरुको दायित्व संस्थाको सम्पत्तिबाट व्यहोर्नु पर्ने र लिमिटेड कम्पनीको रुपमा स्थापित संस्थानको दायित्व लगानी गरिएको सेयरमा मात्र सीमित हुनु पर्नेमा Minority Share रहेका विराटनगर जुट मिल जस्ता संस्थानहरुमा

समेत नेपाल सरकारले निरन्तर ठूलो लगानी गरी रहन परेको जस्तो अवस्थाको अन्त्य हुनु जरुरी छ। पछिल्लो चरणमा विनिवेश एवं खारेज गरिएका सार्वजनिक प्रतिष्ठानहरुको दायित्व फरफारक गर्नको लागि निम्न वमोजिम दायित्व नेपाल सरकारले व्यहोरेको छ।

**तालिका ९ (ङ) : विनिवेश वा खारेज गरिएका सार्वजनिक संस्थानहरुमा दायित्व भुक्तानी गर्न नेपाल सरकारबाट गरेको लगानी विवरण**

*(रू. लाखमा)*

| *क.सं.* | *संस्थानको नाम* | *२०६४/६५ सम्मको* | *२०६५/६६ को* | *जम्मा* |
|---|---|---|---|---|
| १ | हिमाल सिमेण्ट कम्पनी | ३७,००.०० | ६,०२.०० | ४३,०२.०० |
| २ | भक्तपुर ईटा कारखाना | २०,६२.३१ | - | २०,६२.३१ |
| ३ | वीरगञ्ज चिनी कारखाना | ७०,६७.२४ | २७.१६ | ७०,९४.४० |
| ४ | कृषि औजार कारखाना | ५,२९.७६ | १५.०० | ५,४४.७६ |
| ५ | नेपाल रोजिन एण्ड टर्पेन्टाइन लि. | १८,०८.१२ | - | १८,०८.१२ |
| ६ | लुम्बिनी चिनी कारखाना | ५०,८९.६७ | - | ५०,८९.६७ |
| ७ | कृषि चुन उद्योग लि. | ८,१५.९५ | ९.९१ | ८,२५.८६ |
| ८ | नेपाल कोल लि. | ८३.९१ | - | ८३.९१ |
| ९ | नेपाल यातायात संस्थान | ३६,१६.८५ | १३,६०.६८ | ४९,७७.५३ |
| १० | हेटौंडा कपडा उद्योग | ५३,६०.३५ | - | ५३,६०.३५ |
| ११ | घरेलु शिल्पकला विक्री भण्डार | ८,१०.३३ | - | ८,१०.३३ |
| १२ | नेपाल चिया विकास निगम | ११,८६.७१ | ३.३१ | ११,९०.०२ |
| १३ | विराटनगर जुट मिल | ४५,१४.०९ | - | ४५,१४.०९ |
| | **जम्मा** | **३,६६,४५.२९** | **२०,१८.०६** | **३,८६,६३.३५** |

स्रोत : अर्थमन्त्रालय।

**मञ्जुषा ९ (ग) : विराटनगर जुट मिल लि. को समीक्षा**

सार्वजनिक-निजी साझेदारीको रुपमा कम्पनी ऐन, १९९३ अन्तर्गत वि.सं. १९९३ मा दर्ता भई वि.सं. १९९६ देखि यो जुट मिल सञ्चालनमा आएको हो। त्यसबेला मुलुकको औद्योगीकीकरण, निकासी व्यापार, विदेशी मुद्रा आर्जनमा यस उद्योगको अहम् भूमिका रहेको थियो। नेपालमा औद्योगीकीकरणको प्रारम्भमा यसले अर्थतन्त्रमा ठूलै योगदान पुऱ्याएको थियो। स्वदेशी कच्चा पदार्थ सनपाट (Jute) मा आधारित यस उद्योगले मोरंग, सुनसरी र झापाका जुट किसानहरुको जीवन उकास्न मद्दत पुऱ्याएको थियो। रोजगारी प्रवर्द्धनमा यसको राम्रै योगदान थियो। स्थापना काल देखि झण्डै ५ दशकसम्म यो उद्योग राम्रोसंग सञ्चालन भएको थियो। सुरुमा यस उद्योगमा सरकारको सेयर लगानी १६ प्रतिशत र निजीक्षेत्रको सेयर लगानी ८४ प्रतिशत थियो। वि.सं. २०२६/२७ सालतिर सरकारी नियन्त्रण

सुरू भयो। वि.सं. २०५२ सालमा निजी क्षेत्रको सेयर खरीद गरी सरकारी सेयरको मात्रा ४६.५ प्रतिशत पुऱ्याइयो। यसपछि निजीक्षेत्र पछि हट्दै गयो भने व्यवस्थापन, कामदार कर्मचारी भर्ना नियुक्ति आदिमा सरकारी नियन्त्रण बढ्न पुग्यो। सरकार माथिको आश्रय बढ्दै गयो। यसरी उद्योग ओरालोतिर लाग्न सुरू भयो। वि.सं. २०५१ साल यता यस उद्योगमा अध्यक्ष/कार्यकारी प्रमुख १५ जना नियुक्त भएका मध्ये १० जना राजनीतिक नियुक्ति पाएका थिए। सरकारले यस उद्योगलाई कहिले व्यवस्थापन करार (Management Contract), कहिले दीर्घकालीन ठेक्का (Long term Lease), कहिले राजनीतिक नियुक्ति गरी सोझै सञ्चालन (Direct Operation) आदि अनेक परीक्षणका उपायहरु (Modality) अबलम्बन गऱ्यो। धेरै पुँजी लगानी गरे पनि विराटनगर जुट मिल नाफामूलक ढंगले सञ्चालन हुन सकेन। कारखानामा हाल कामदार कर्मचारी संख्या १ हजार ५ सय ३५ रहेका छन्, जसमध्ये १ हजार २ स्थायी तथा ३६ अस्थायी मजदुर/कामदार, १ सय १२ जना व्यवस्थापकीय कर्मचारी र ३ सय ८५ एक्सचेन्ज वर्कर (Exchange Worker) को रुपमा मासिक ज्यालादारीको रुपमा रहेका छन्। मजदुर/कामदार/कर्मचारीहरुलाई सीप विकास, कारखानाको प्रविधिमा आधुनिकीकरण, उत्पादन हुने मालवस्तु (Products) को विविधीकरण, उत्पादकत्व अभिवृद्धि गर्ने कार्यहरु विरलै भयो। जर्ति चुहन, नोक्सान आदिमा नियन्त्रण गर्न नसकेको कारणले यस उद्योगमा १४ प्रतिशत सामान नोक्सान हुन्छ जवकि निजी क्षेत्रका यस्तै उद्योगहरुको नोक्सान ३ प्रतिशत को हाराहारीमा रहेको छ। वार्षिक १ लाख २० हजार मे.टन उत्पादन क्षमता रहेता पनि १ लाख ४० हजार मे.टन सम्म उत्पादन गरेको यस उद्योगले पछिल्लो समयमा आएर बार्षिक उत्पादन १७ हजार मे. टनमा सीमित भएको थियो। उद्योग घाटामा गएता पनि, बन्द भएता पनि, रुग्ण अवस्थामा रहेता पनि संचालक समितिका सदस्यहरुको, व्यवस्थापन तथा मजदुर/कर्मचारीहरुको सहुलियत सुविधामा कुनै कमी आएको छैन। "ऋणं कृत्वा घृतं पिवेत्" भन्ने उखान यस उद्योगको सन्दर्भमा चरितार्थ हुन्छ। विराटनगरको मुटुमा यस उद्योगको ६७ विघा जमीन छ। कारखाना, गोदाम आदिले ५ लाख ६४ हजार बर्ग फिट ओगटेको छ। झापा जिल्लाको दमक नगरपालिकामा ७.५ कठ्ठा जमीन बाँझै छ। आर्थिक वर्ष २०६२/६३ को वित्तीय विवरण अनुसार मिलको स्थिर सम्पत्ति रू. ४३ लाख तथा लगानी रू. २. लाख रहेको छ भने खुद चालू सम्पत्ति रू. ८० करोड ७४ लाख ऋणात्मक रहेको छ। छोटो अवधिको कर्जा रू. ६९ करोड ९८ लाखलाई चालू दायित्वमा समावेश गरिएकोले खुद चालू सम्पत्ति ठूलो परिमाणमा ऋणात्मक देखिन पुगेको हो। Him Gona Consultants को मूल्यांकन प्रतिवेदनबाट स्थिर सम्पत्तिको वर्तमान मुल्य रू. १०२ करोडसम्म पर्न सक्ने अनुमान छ। विराटनगर जुट मिल लि.को आर्थिक वर्ष २०६२/६३ सम्मको अपरिष्कृत वित्तीय विवरण हेर्दा नेटवर्थ रू. १३५ करोड ५९ लाख ऋणात्मक रहेको छ, जसमध्ये सेयर पुँजी रू. १ करोड ७ लाख, जगेडा कोष रू. ३७ लाख र संचित नोक्सान रू. १३७ करोड ४ लाख रहेको छ। स्थिर सम्पत्ति पुनर्मूल्याङ्कन गरी कर्मचारी दायित्व रू.

४० करोडको व्यवस्था गर्दा नेटवर्थ रू. ८१ करोडले ऋणात्मक रहन सक्ने देखिन्छ। विभिन्न बैंकहरुको ऋण तथा विभिन्न प्रकारका सरकारी ऋण गरी कुल ऋण रकम रू. १४३ करोड भन्दा बढी रहेको छ। यसमा व्याज शुल्क जरिवाना आदि समावेश भएको छैन। निवृत्त कर्मचारीहरुको रू. ९० लाख, उपदान, संचयकोष, विरामी विदा आदि गरी रू. २५ करोड भन्दा बढी रकम भुक्तानी हुन बाँकी छ। यसरी अन्य समेत गर्दा रू. ४० करोड भन्दा बढी दायित्व बाँकी छ। कामदार/कर्मचारीहरुको मासिक दायित्व रू. ७५ लाखले बृद्धि हुँदै गएको छ। यसको परिणाम राष्ट्रलाई दैनिक रू. २ लाख ५० हजार थप व्ययभार बढ्दै छ। हाल उद्योगको कुल दायित्व रू. १५६ करोड १९ लाख भन्दा वढी छ। अब आएर "मेरो उद्योग हाम्रो कारखाना" भन्ने भावना भएका स्वामी/मजदुर/कामदार/कर्मचारीहरुको अभाव सिर्जना भएको छ। उद्योग उद्योगको रुपमा नरही राजनीतिको थलोको रुपमा परिणत भएको छ। त्यसैले, उद्योग मन्त्रालयले कामदार कर्मचारीहरुलाई पे-अफ (Pay-off) गरी कारखाना बन्द गर्ने टुंगोमा पुगेको छ।